अनुसूची- २

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ६ राजपत्रमा प्रकासित मितिः २०८१।२।०२

भाग-२

बढैयाताल गाउँपालिका

**<u>२०८१ सालको कार्यबिधि नं २</u>**

# बढैयाताल गाउपालिकाको खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२७

अध्यक्षवाट प्रमाणित मिति २०८१।०१।२७

बढैयाताल गाउपालिका क्षेत्रभित्रको खेलकुद क्षेत्रको विकास, विस्तार गर्दै खेलकुद क्षेत्रमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई स्थानीय खेल प्रतिभाहरुको पहिचान,उजागर गर्ने तथा सामाजिक विकास र परिवर्तनका निम्ति प्रतिभावान, सचेत र अनुशासित ,स्वस्थ नागरिक बनाउनको साथै खेलकुद सम्बन्धी प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिएकोले बढैयाताल गाउपालिकाको प्रशासकीय कार्यविधि.नियमित गर्न) ऐन-२०७४ को दफा ४ को उपदफा(१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी बढैयाताल गाउकार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

बढैयाताल गाउँपालिका

# परिच्छेद-१

## नाम र परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**बढैयाताल गाउपालिका स्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि-२०८१** " रहेको छ ।

ख) यो निर्देशिका गाँउकार्यपालिकावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ

**२ )परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) **"गाउपालिका"** भन्नाले बढैयाताल गाउपालिकालाई जनाउँछ ।

ख) **"कार्यविधि"** भन्नाले बढैयातालगाउपालिका स्तरीय "बढैयाताल गाउपालिका स्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि-२०८१ सम्झनु पर्छ ।

ग) **खेलकुद विकास समिति"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ

घ) **"अध्यक्ष"** भन्नाले खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत "** भन्नाले बढैयाताल गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

च) **"सदस्य"** भन्नाले खेलकुद विकास समितिको सदस्य सम्झनु पर्छ ।

छ) **"सदस्य-सचिव"** भन्नाले **खेलकुद विकास समितिको सदस्य- सचिव** सम्झनु पर्छ ।

ज) **"गाउँ पालिका अध्यक्ष"** भन्नाले बढैयाताल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

झ) **"गाउँ पालिका उपाध्यक्ष"** भन्नाले बढैयाताल गाउपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ञ) **"स्थानीय सरकार"** भन्नाले बढैयाताल गाउपालिकालाई सम्झनु पर्दछ ।

ट) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ

ठ) **"खेलकुद"** भन्नाले बढैयाताल गाउपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

ड) **"खेलाडी"** भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेलिने खेलाडीलाई सम्झनु पर्नेछ ।

ढ) **"प्रशिक्षक"** भन्नाले बढैयातालपालिकाद्वारा सञ्चालित खेल र खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षणमा सम्बद्ध बिधागत खेल र खेलकुद प्रशिक्षक सम्झनु पर्दछ ।

ण) **"प्रशिक्षार्थी"** भन्नाले बढैयातालगाउपालिकाद्वारा सञ्चालित खेल र खेलकूद प्रशिक्षणमा सहभागी खेलकर्मी, खेलाडी टिम क्लव संघ संस्थामा सम्बद्ध कला साहित्यखेलका नवप्रतिभाहरु र सिकारु खेलाडी सम्झनु पर्छ ।

त) **"प्रोत्साहन"** भन्नाले खेलाडीहरुलाई दिईने उपहार, सम्मान, पुरस्कार, नगद र चन्दालाई सम्झनुपर्दछ ।

## _परिच्छेद– २

# गाउँपालिका खेलकुद विकास समिति गठन तथा काम कर्तव्य र अधिकार

**३ ) खेलकुद विकास समिति गठन**

(१) खेलकुद क्षेत्रको विकास गर्नका लागि बढैयाताल गाउपालिकामा देहाय बमोजिमको पदाधिकारीहरु रहने गरि ११ सदस्यीय बढैयाताल गाउपालिका खेलकुद विकास समितिको गठन हुनेछ

क) गाउँपालिका अध्यक्षले मनोनित गरेको खेलकुदसंग सम्बन्धित व्यक्ति - १ जना अध्यक्ष

ख) दर्ता भएका खेलकुद क्लव, संस्थाहरु मध्यबाट कार्यपालिकाले मनोनित -२ जना सदस्य

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तथा खेल क्षेत्रमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडी मध्येबाट गाउपालिकाको अध्यक्षले मनोनित गरेका कम्तीमा एकजना महिला सहित ३ जना – सदस्य

घ) खेल विज्ञ तथा पुर्व खेलाडीहरु मध्यबाट अध्यक्षले मनोनित - १ जना सदस्य

ङ) बढैयाताल गाउपालिका भित्रका सामुदायिक विद्यालयमा खेल खेलाउने शिक्षकहरु मध्यबाट अध्यक्षले मनोनित - १ जना सदस्य

च) शिक्षा,युवा तथा खेलकुद शाखा वा तोकीएको शाखाका प्रतिनिधि-१ जना सदस्य सचिव

छ) समितिको विभिन्न पदमा नियुक्ती भएका पदाधिकारी एवम सदस्यहरुलाई अनुसूची (६) बमोजिमको नियुक्ती पत्र दिनुपर्नेछ ।

**५) खेलकुद विकास संरक्षक समिति गठन :**

क) खेलकुदको संरचना, सम्बर्धन र प्रबर्धन गर्ने मुख्य जिम्मेवारी रहने गरि तपशिल बमोजिम खेलकुद विकास संरक्षक समिति रहनेछ ।

क) गाउपाँलिकाका अध्यक्ष – प्रमुख संरक्षक
ख) गाउँपालिकाको उपाध्यक्ष – सह-संरक्षक
ग) सामाजिक विकास समितिका संयोजक – संरक्षक
घ) सबै वडाका वडाध्यक्षहरु - संरक्षक
ङ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

ख) समितिले आवश्यक देखेमा बढैयाताल गाउपालिका अन्य छिमेकी स्थानीय तह वा जिल्लाको खेलकुद क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग) खेलकुद विकास संरक्षक समितिले खेलकुद विकास समितिलाई निर्देशन दिन सक्ने छ ।

बढैयाताल गाउँपालिका

**६) वडा स्तरीय खेलकुद समिति गठन गर्ने** : बढैयाताल गाउपालिका स्तरीय खेलकुद विकास समिति अन्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सकिनेछ । खेलकुद विकास समितिले गाउपालिका भित्रका सबै वडाहरुमा कला, साहित्य,खेल एवम खेलकुद क्षेत्रको विकास गर्नका लागि ७ सदस्य रहेको तपशिल अनुसारको वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

क) वडा अध्यक्षले मनोनित गरेको १ जना अध्यक्ष
ख) वडा समितिले तोकिएको एक जना महिला सहित –२ जना
ग) स्थानीय खेलप्रेमीहरु मध्यबाट –१ जना
घ) वडा भित्रको माथिल्लो तह सञ्चालित विद्यालय प्र.अ./ शिक्षक प्रतिनिधी –२ जना
ङ) सम्वन्धित वडा कार्यालयका वडा सचिव सदस्य सचिव –१ जना

**६) खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार**

खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) गाउपालिका स्तरीय खेलकुद क्षेत्रको कार्ययोजना निर्माण गरि स्वीकृतको लागि गाउपालिकामा पेश गर्ने

ख) स्थानीय स्तरका खेलकुद संवर्द्धन र प्रर्वद्धनका लागि खेलकुद प्रतियोगिता सञ्चालन

ग) गाउपालिका भित्रका खेलाडी, पहिचान संरक्षण सम्वद्र्धन एवम प्रवद्र्धन गर्न बार्षिक रुपमा नियमित गाउपालिका अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन आयोजना संयोजन तथा ब्यवस्थापन गर्ने

घ) बढैयाताल गाउपालिका भित्रका स्वदेश तथा विदेशमा खेलकुद क्षेत्रमा योगदान पुराउनु भएका खेलाडी हरुलाई सम्मान तथा प्रोत्साहन गर्ने ।

घ) खेल सञ्चालनका लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, संरक्षण, सञ्चालन तथा विकास गर्ने ।

ङ) खेलकुदको स्तरमा वृद्धि गर्न गाउँ, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने ।

च) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी आवश्यकता अनुसार प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

छ) गाउपालिकाभित्र वा शैक्षिक संस्थाहरुमा खेलका विविध विधाहरुमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

बढैयाताल गाउँपालिका

ज) खेलकुद सम्बन्धी प्रतियोगिता, कार्यक्रम, प्रशिक्षण वा बैठकमा भाग लिन खेलाडी समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने ।

झ) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको समन्वय गर्ने र आवश्यक निर्देशन दिने ।

ञ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने ।

ट) खेलकूद सम्बन्धी क्लब, संस्थालाई आबश्यक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने

ठ) खेलकूदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

ड) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नकोलागि पठाउने ।

ढ) गाउपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने ।

ण) खलोडीहरुको स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।

त) अपाङ्गता भएका र २० बर्ष मुनिका व्यक्तिहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

थ) वडा स्तर र विद्यालय स्तरमा खेलकूद सम्बन्धि गतिविधिहरु सञ्चालन गर्ने गराउने ।

द) गाउपालिका स्तरीय खेलकुद प्रशिक्षक रखेल प्रशिक्षक र नियुक्ती गर्न कार्यपालिकामा सिफारिस गर्ने ।

ध) खेलकुद विकास समितिको कार्यालय संचालन गर्नको लागि आबश्यक कर्मचारी व्यवस्था गर्ने ।

न) गाउपालिकाको बार्षिक योजनामा समावेश भएका गाउपालिका स्तरीय र वडा स्तरीय र खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने ।

प) जिल्ला प्रशासन कार्यालय गाउपालिका वा अन्य निकायमा दर्ता भएका खेल र खेलकुद सम्वन्धी संस्थालाई पालिकामा सूचिकृत गर्न सिफारिश गर्ने ।

फ) समितिले वार्षिक योजना वनाइ गाउपालिकामा पेश गर्ने ।

ब) समितिले आफ्नो हिसाव किताब र प्रगतिको सामाजिक परिक्षण गराउनु पर्ने ।

भ) समितिको लेखापरिक्षण गाउपालिकावाट गराउनुपर्ने छ ।

म) खेलकुद विकास समितिको आफ्नो छुट्टै लोगो सहितको लेटरप्याड र छाप हुने छ ।

य) समितिले खेलकूद विकासको लागि आफ्नो बार्षिक कार्यक्रम संचालन गर्न अनुदान वा सहयोग लिनसक्ने

र) समितिले गरेको कार्य प्रगतिको प्रतिवेदन मसिक रुपमा गाउपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

ल) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**७) अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा मत विभाजन भई मत बराबर भएमा निणार्यक मत दिने

ख) खेलकुद विकास समितिद्धारा आयोजना, सञ्चालन तथा व्यवस्थापनमा हुने खेलकुद कार्यक्रमको अध्यक्षता गर्ने ।

ग) खेलकुद विकास समितिसमितिको सर्वोच्च अधिकारीको रुपमा रही पदाधिकारीहरुको काम बाँडफाड गर्ने र नियमित व्यवस्थित प्रभावकारी रुपमा कार्य संचालन गर्ने ।

घ) स्थानीय तह, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय खेलकूद प्रतियोगितामा गाउपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने

ङ) समितिको बैठक बस्न नसकेको अवस्थामा कुनै कार्य गर्ने आवश्यक देखिएमा सो कार्य गरी आगामी वैठकमा अनुमोदनको लागी पेश गर्ने ।

च) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तराष्ट्रिय सघं संस्थाको प्रतिनिधित्व गराउने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

ज) क्लब,संस्था सूचिकृतका लागि पालिकामा सिफारिश गर्ने ।

**८) सदस्यहरुको काम, कर्तव्य र अधिकार**

बेथ्यानाल गाउँपालिका

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने जिम्मा लिने ।

घ) समितिको वैठकमा सत्रिय रुपमा सहभागिता जनाउने ।

ङ) समितिको हरेक कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

च) समितिले अह्राएको कुनै पनि काम गर्ने ।

छ) समिति मार्फत हुने कला, साहित्य एवम खेलकुदका हरेक कार्यक्रमहरुमा सक्रियताका साथ सहभागी हुने

**९) सदस्य सचिवको काम कर्तव्य र अधिकार**

क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ख) बठैकको पत्राचार गर्ने, अभिलखे राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

ग) बैठकको निर्णय लेख्ने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

घ) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

ङ) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

च) बैठकको निर्णय अनुसार कोष खर्च खाता सञ्चालन गर्ने ।

छ) समितिको निर्णय कार्यन्वयन गराउने ।

**१०) पदावधि र सदस्यता अबधि**

क) मनोनीत सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछन । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

ख) पदावधि समाप्त नहद सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

ग) कुनै सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

घ) अध्यक्षवा कुनै सदस्यले आफ्नो कर्तव्यपालन नगरेमा गाउँ पालिकाका अध्यक्षले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन **।देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः–**

क) गैर–नेपाली नागरिक ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको ।

ग) पदेन सदस्य बाहेक अन्य सदस्य २१ एक्काइस वर्ष उमेर पूरा नभएको ।

**देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः–**

क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

ख) सदस्यले राजीनामा दिई समितिबाट स्विकृत भएमा ।

ग) मृत्यु भएमा ।

घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा

ङ) समितिको कार्यविधि, प्रचलित ऐन, नियम, कानुन विपरित कार्य गरेमा ।

## परिच्छेद–३

## समितिको बैठक

**११) पालिका स्तरीय खेलकुद समितिको बैठक**

क) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ

ख) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यवाहक अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

ग) समितिको कूल सदस्य संख्याको ५१एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

घ) खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । समितिको बैठक आवश्यकता अनुसार समेत बस्न सक्नेछ ।

ङ) जम्मा सदस्य संख्याको तीन खण्डका एक खण्ड सदस्यहरुले मनासिव माफिकका कारण देखाई बैठक बोलाइयोस भनी अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

च) बैठकमा सर्वसम्मत निर्णय हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

छ) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ ।

ज) समितिको बैठकको निर्णय पुस्तिकाको अन्त्यमा बैठकको अध्यक्षता गरेको व्यक्तिले हस्ताक्षर गरी निर्णय प्रमाणित गर्नुपर्नेछ ।

झ) स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा कार्यपालिका सदस्य सरह अनुसार हुनेछ ।

## परिच्छेद –४

## खेलकुद विकास समितिले सञ्चालन गर्ने खेलकुद प्रतियोगिता एवम कार्यक्रम सञ्चालन

**१२)** बढैयाताल गाउपालिका वा खेलकुद विकास समितिले भौतिक संरचना निर्माण बाहेक सञ्चालन गर्ने खेलकुद, कार्यक्रमहरु जस्तै : अध्यक्ष कप पालिका स्तरीय रनिंग शिल्ड लगायतका प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्नका लागि बढैयाताल गाउपालिकाले बढीमा रु. १००००००० ।–(एक करोड ) सम्म बजेट विनियोजन गर्न सक्नेछ ।

**१३)** जिल्ला प्रशासन कार्यालय वा बढैयाताल गाउपालिकामा दर्ता भई खेलकुद समितिमा सुचिकृत भइ समितिबाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले खेलकुद विकास समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता एवम कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई खेलकुद विकास समितिले उपलब्ध बजेट सिमा भित्र रही देहाय अनुसारको खेलकुद विकास समितिको सिफारीसमा बढैयाताल गाउपालिकाका अध्यक्षले तपशिल बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउन सक्नेछ ।

बढैयाताल गाउँपालिका

क) गाउपालिका एवम जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि बार्षिक रुपमा बढीमा रु.१५००,०००/-

ख) गाउपालिका र ९ वटै वडाहरुका लागी  प्रतियोगिता तथा कार्यक्रमका लागि बढीमा ३००००००/-

ग) जिल्ला स्तरको प्रतियोगिता तथा कार्यक्रमको लागि वर्षमा १ पटक) बढीमा रु.५,००,०००/-

घ) प्रादेशिक वा राष्ट्रियस्तरको प्रतियोगिताको लागि.वर्षमा १ पटक) बढीमा रु. १०,००,०००/-

ङ) अन्तरराष्ट्रियस्तरको प्रतियोगितामा सहभागिता लागि वर्षमा १ पटक एकमुष्ट रु. १०,००,०००/-

च) अन्तरपालिका स्तरीय प्रतियोगिता तथा कार्यक्रमका लागि.वर्षमा १ पटक एकमुष्ट रु.१०,००,०००/-

**१४)** बढैयाताल गाउपालिकाले वा खेलकुद विकास समिति आफैले विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न वा गराउन सक्नेछ ।

**१५)** खेलकुद विकास समिति आफैले वा गाउपालिका भित्रका टिम, क्लब, संघ संस्थाहरु मार्फत स्थानयि/प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँगै मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

**१६)** बढैयातालगाउपालिका भित्रका विभिन्न वडाहरुमा स्थानीय संघ संस्था क्लवहरु मार्फत सञ्चालन हुने खेल तथा खेलकुद प्रतियोगिताहरुमा खेलकुद विकास समितिले खेलकुद सामाग्रीहरु खरिद गरि वितरण गर्न सक्नेछ । तर गाँउपालिका भित्र रहेका खेलकुदसंग सम्बन्धित क्लब, संस्था, समुहहरुलाई तत्काल  खेलकुद सामाग्रीहरु आवश्यक भएको महशुस भएमा त्यस्ता क्लब, संस्था, समुहहरुले माग गरेका खेलकुद सामाग्रीहरु गाँउपालिका अध्यक्षले सोझै उपलब्ध गराई सो जानकारी खेलकुद विकास समितिलाई गराउने सकिनेछ ।

**१७)** खेलकुद विकास समितिले गाउपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ

क) पालिका क्षेत्र भित्र खेलकुद लगायत विशेष विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

बढैयाताल गाउँपालिका

ख) खेलकुद विकासका लागि सभा, सम्मेलन,-याली, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) अन्तरपालिका, जिल्ला, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी, खेलकुद प्रशिक्षकको सम्मानमा पालिकाको तर्फबाट थप पुरस्कार, बधाई तथा अभिनन्दन गर्न सक्नेछ ।

घ) गाउपालिकाको खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरु एवम सदस्यहरुको भेला, -याली वा बैठकका लागि बोलाउन सक्नेछ ।

ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक, टीमहरुलाई स्वागत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१८) अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघसंस्था वा विद्यालयलाई सहभागी गराउन सक्नेछ ।

१९) खेलकुद विकास समितिले निर्णय गरे बमोजिम पालिकाका क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइनेछ । खान बस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्दछ । गाउपालिका भन्दा वाहिरको कार्यक्रममा सहभागी हुँदा खान वस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु.२०००।– भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु १०००।– का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.५०००।– सम्मको सुविधा दिन सक्नेछ । तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनुपर्नेछ ।

२०) गाउपालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु.१०००।– मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२१) खेलकुद विकास समितिले गाउपालिकाको स्वीकृतीमा विभिन्न खेलकुद तथा खेलाडीहरुको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद –५

## तालिम तथा प्रशिक्षण

२२) खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि  खेल क्षेत्रका नवप्रतिभाहरुलाई उजार, संरक्षण एवम संवद्र्धन गर्नका लागि आवश्यकतानुसार  विविध विधाहरु र विभिन्न खेलहरुको तालिम तथा प्रशिक्षण दिन वा तालिममा सहभागी गराउन सक्नेछ ।

२३) जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सञ्चालन तथा आयोजना हुने खेलकुद तालिमहरुमा गाउपालिका भित्रका खेलाडीहरुलाई बढीमा एक बर्ष सम्म सहभागी गराउन सक्नेछ । तालिममा सहभागी हुने खेलाडीहरुलाई गाउपालिकाले तालिममा लाग्ने खाना, खाजा र तालिम शुल्क खर्च व्यवहोर्नुका साथै प्रत्येक खेलाडीहरुलाई प्रतिदिन रु.५००।–.पाँचसय रुपैयाँ) को दरले प्रोत्साहन खर्च समेत उपलब्ध गराउन सक्नेछ ।

२४) प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावशे हनु चाहमो सम्बन्धि वडाको सिफारिस सहित गाउँ खेलकदु विकास समितिमा निर्धारीत फाराम बुझाई आवदेन दिनपु नर्छे ।

२५) प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

२६) कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गाउँपालिकाका अध्यक्षको सिफारिशमा खेलकुद बिकास समितिले बढीमा दुइ जना प्रशिक्षक र ३ जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई बढैयाताल गाउपालिका वा खेलकुद बिकास समितिले तोके बमोजिम सेवा सुविधा उपलबध गराइनेछ ।

२७) कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ ।

२८) प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत रुपमा प्रयोग हुने सामाग्री सम्बन्धीत व्यक्ति आफैले जटाउनु पर्नेछ ।

२९) प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षणको उपलबधताका आधारमा खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

३०) प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रयोगमा प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३१) प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३२) स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३३) कुनै खेल प्रशिक्षणमा बिशेष व्यवस्था वा थप प्रशिक्षक वा सुबिधा आवश्यक भएमा गाउपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ ।

## परिच्छेद– ६

## खेलकुद प्रतियोगिता तथा कार्यक्रम संचालन

३४) बढैयातालगाउपालिकाले वा खेलकुद विकास समिति आफैले खेल र विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न वा गराउन सक्नेछ ।

३५) खेलकुद विकास समिति आफैले वा गाउपालिका भित्रका टिम, क्लब, संघ संस्थाहरु मार्फत स्थानयि/प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँगै मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

३६) खेलकुद विकास समितिले अध्यक्षसँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ

क) पालिका क्षेत्र भित्र खेलकुद लगायत विशेष विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

ख) खेल र खेलकुद विकासका लागि सभा, सम्मेलन,-याली, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) अन्तरपालिका, जिल्ला, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा खेलकुद प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) गाउ पालिकाको खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरु एवम सदस्यहरुको भेला-याली वा बैठकका लागि बोलाउन सक्नेछ ।

ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक, टीमहरुलाई स्वागत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३७)** अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघसंस्था वा विद्यालयलाई सहभागी गराउन सक्नेछ ।

**३८)** खेलकुद विकास समितिले निर्णय गरे बमोजिम पालिकाका क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी,प्रशिक्षक र व्यवस्थापक लाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइनेछ । खान बस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्दछ । गाउपालिका भन्दा वाहिरको कार्यक्रममा सहभागी खान वस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु.२०००।- भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु १०००।– का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.५०००।– सम्मको सुविधा दिन सक्नेछ । तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनुपर्नेछ ।

३९) गाउपालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान बस्न प्रतिव्यक्ति प्रतिदिन रु.१०००।– मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

**४०)** खेलकुद विकास समितिले गाउपालिकाको स्वीकृतीले विभिन्न खेलाडी, व्यवस्थापक, (रेफ्री.निर्णायक) को लागि पोशाकको व्यवस्थापन गर्न सक्नेछ ।वडा स्तरीय खेलको आयोजना गर्दा वडाहरुको समन्वयमा फरक रंग पर्ने गरि पोशाकको व्यवस्थापन गर्न सक्नेछ।

**४१)** कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धीत प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४२) विशेष तरिकाले मर्मत गर्न सम्बन्धी प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिका खेलकुदन समितिले कोषबाट मर्मत सम्भार गर्नेछ तर, रकम अपग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले गाउपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४३) खेलकुद पूर्वाधार.स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम  सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद –७

## खेलकुद विकास कोषको व्यवस्था

४४) **खेलकुद** सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउपाँलिकामा खेलकुद विकास कोषको व्यवस्था गर्न सक्नेछ ।

**४५) कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ**

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद् प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख) बढैयाताल गाउपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त रकम ।

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

ङ) गाउपालिकाभित्रका संस्था, टीम, क्लबहरुबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क

च) खेलकुद विकास समितिले विभिन्न व्यक्ति, संघ संस्था र निकायहरुबाट प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम ।

बढैयाताल गाउँपालिका

४६) यस कोषको संचालन प्रमुख प्रशाकीय अधिकृत र पालिकाको लेखा शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धती गाउपालिकाको लेखा पद्धती सरहनै हुनेछ ।

४७) खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भए गाउपालिकाका अध्यक्षको परामशर्ममा अध्यक्षले त्यस्तो खर्च गरी यस्तो खर्च एक पटकमा रु.२५,०००।- भन्दा बढी हुने छैन ।

४८) कोषको रकम कला, संस्कृति तथा खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४९) कोषको कूल आम्दानीको २०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइनेछैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा बढैयाताल गाउकार्यपालिकाको स्वीकृति लिन पर्नेछ ।

क) समिति/संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

ख) समितिले राखेको श्रेस्ताको जाँचबुझ गाउपालिकाले र खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताका जाचँ बुझ खेलकुद विकास समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

ग) खेलकुद विकास समितिको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु सक्ने छ

घ) खेलकुद विकास समितिले खेलकूदसम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

५०) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेल एवम खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

५१) समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकूद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

**५२)** समितिले आफ्नो लगतबाट कुनै सम्बन्धीत संस्थाको नाम कट्टा त्यसको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**५३)** समितिको अध्यक्षर गाउँ पालिकाको लेखा अधिकृतको संयुक्त दस्तखत चल्नेगरि कुनै बैंकमा खेलकुद विकास समितिको नाममा संयुक्त बैंक खाता संचालन गर्नुपर्ने छ ।

**५४)** समितिको निर्णय अनुसार बजेट खर्च गर्नुपर्ने छ ।

## परिच्छेद ८

## क्लव , सस्था ,दर्ता, नविकरण र विघटन

**५५) दर्ता र स्वीकृतीः**

(१) गाँउ पालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुद संग सम्बन्धित संस्था गाँउपालिकामा दर्ता गर्नुपर्नेछ । खेलकुद संग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाँउपालिकाले स्वीकृती दिनेछैन ।

२) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूची–१ का ढाँचामा निवेदन दिईनु पर्नेछ,

३) संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा गाँउपालिकाले विधान स्वीकत गरी संस्था दर्ता गरी अनुसूची–२ का ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएका विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ,

४) पहिल्यै दर्ता भई सकेका संस्था भए गाँउपालिकामा सूचीकृतको लागी अनुसूची–३ का ढाँचामा लिखित निवेदन दिन पर्नेछ ,

५) सूचीकृत भएका सस्थाहरुलाई अनुसुची–४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ,

६) दर्ता वा सूचीकृत भएका सस्थाको नविकरण गर्न दिईने निवेदन अनुसची ५ बमोजिमको ढाँचामा हुनुपर्ने छ ,

७) गाँउपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्ने छैन ।

८) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सबै दर्तावाला वा सचीकृत संस्थाहरुले गाँउपालिकामा अनिवार्य नविकरण गराउनु पनेछ ।

**५६) जरिवाना** :

(१) दता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ

(क) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु १०००/-

(ख) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु २५००/–

ग) तीन वर्ष सम्म पनि नविकरण नगरेमा रु ५०००/-

घ) पाँच वष सम्म पनि नविकरण नगरेमा रु १०,०००/-

२) पाँच वर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाइ दर्ताका सूचीबाट हटाइनेछ । यसरी समयम नविकरण नगरी दर्ताका सूचीबाट हटी सकेका संस्थामा संलग्न व्यक्तिका अर्को संस्था दर्ता गरिन छैन ।

३) समयम नविकरण नगर्न संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाका कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**५७) संस्थाका विघटन** :

(१) दर्ता भएका खेलकुद संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन

क) संस्थाका दुई तिहाइ बहुमतले संस्था विघटन गर्न भनी निर्णय गरेमा ,

ख) लगाातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा ,

ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा ,

घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

**५८) विघटित संस्थाका सम्पत्ति** : विघटन भएका संस्थाका सम्पत्ति गाँउपालिकाको मातहतमा रहनेछ

## परिच्छेद–९

## संस्थाको सूचीकरणः

**५९) खेलकुद सम्बन्धी संस्थाको सूचीकरणः**

क) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालय, बढैयातालगाउपालिका वा अन्य निकायमा दर्ता भएका खेलकुद सम्वन्धि संस्थाहरु खेलकुद विकास समितिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्ने छ ।

ख) परिच्छेद १० को दफा ४२ को.क) बमोजिम समितिमा सूचीकृत नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ संस्थाले बढैयाताल गाउपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

ग) समितिमा संस्था सूचीकृत गराउने खेलकुद सम्बन्धी संस्थाले अनूसूची.४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्ने छ । संस्था सूचिकरणका लागि तपशिल बमोजिमका कागजातहरु समितिमा पेश गर्नुपर्ने छ ।

**तपशिल**

1. संस्था सूचिकरणका लागि निवेदन ।
2. संस्था दर्ता प्रमाण पत्र ।
3. चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।
4. कर चुक्ता प्रमाण पत्र ।
5. संस्थाको विधान ।
6. संस्थाद्धारा सञ्चालन गरिने खेल, खेलकुदको किसिम/विधा ।

घ) समितिको अध्यक्षले गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यु समक्ष संस्था सुचिकृत प्रमाणितका लागि पेश गर्नुपर्ने छ ।

ङ) समितिमा सूचीकरणको लागि दरखास्त दिएका संस्थालाई समितिले अनुसूची.३ बमोजिमको ढाँचामा संस्था सूचिकृत प्रमाण–पत्र जारी गर्ने छ ।

च) सूचिकृत भएका संस्थाले हरेक बर्षमा सम्वन्धित कार्यालयमा नविकरण गरि नविकरण गरिएको विवरण समितिमा जानाकारी गराउनु पर्ने छ ।

छ) संस्था सुचिकृत गर्नका लागि रु. ५००।– अक्षेरुपी तीनसय रुपैयाँ सुचिकृत दस्तुर लाग्नेछ ।

ज) संस्था सुचिकृत नविकरणका लागि रु. ३००।– अक्षेरुपी दुइसय रुपैया दस्तुर लाग्ने छ ।

झ) समितिले संस्था सुचिकरण प्रारम्भ गर्ने पहिलो आ.व.मा प्रोत्साहन स्वरुप सुचिकरण दस्तुर निःशुल्क गर्ने छ ।

बढैयाताल गाँउपालिका

## परिच्छेद–१०

## आचार संहिता

६०) समितिका अध्यक्ष तथा सदस्य, संरक्षक ,खेलाडी, निर्णायक,रेफ्री दर्शक, आयोजक तथा कर्मचारीहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेशी गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड ट्रफि कहिं कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ति चन्दा उठाउन पाइन छैन ।

ञ) गाउपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

६१) दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल, कार्यक्रमहरु सञ्चालन गर्न गाउपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

६२) संस्थाको सौजन्यताबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल तथा कार्यक्रम सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

६३) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार बढैयाताल गाउँ कार्यपालिकालाई हुनेछ ।

६४) खेलकुद विकास समितिले संचालन गरेका क्रियाकलापको नियमित अनुगमन गाउपालिकाले गरि आबश्यक निर्देशन दिन सक्ने छ । यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

६५) खेलकुद विकास समितिको आफ्नो छुट्टै लोगो सहितको छाप र लेटरप्याड हुनेछ । समितिको लोगो सहितको छाप अनुसूचि.१) र लेटरप्याड असूची.५) बमोजिम हुनेछ ।

६६) कर्मचारी तथा अन्य आवश्यकताका परेमा गाउपालिकासँग समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ ।

६७) गाउपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित अध्यक्षर सदस्य सचिवले अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

६८) कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्न परेमा वा विवाद भई अन्तिम निर्णय दिनुपरेमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

बढैयाताल गाउँपालिका

६९) निर्वाचित एवम मनोनित भएका कला,संस्कृति तथा खेलकुद विकास समितिका पदाधिकारी एवम सदस्यहरुले गाउपालिकाका अध्यक्ष समक्ष अनुसूची(६) बमोजिम सपथ लिनुपर्ने छ ।

७०) गाउपालिकाभित्र सञ्चालन हुने जुनसुकै प्रतियोगितात्मक खेलहरुमा प्रतियोगिको रुपमा सहभागी खेलाडीहरुले बढैयाताल गाउपालिकाका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष/कार्यपालिका सदस्य/गाउँसभा सदस्य वा प्रतियोगिता/कार्यक्रम आयोजक समितिका अध्यक्ष वा अध्यक्षसमक्ष अनुसूची (७) बमोजिम सपथ लिनुपर्नेछ ।

७१) गाउपालिकाभित्र सञ्चालन हुने जुनसुकै प्रतियोगितात्मक खेलहरुमा निर्णायकको भूमिका वहन गर्ने रेफ्री, जर्ज र जुरीले बढैयातालगाउपालिकाका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/वडा अध्यक्ष/कार्यपालिका सदस्य/गाउँसभा सदस्य वा प्रतियोगिता/कार्यक्रम आयोजक समितिका अध्यक्ष वा अध्यक्ष समक्ष अनुसूची (८) बमोजिम सपथ लिनुपर्नेछ ।

७२) यो कायविधि प्रचलित कुनै ऐन कानुनसंग वाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

बढैयाताल गाउँपालिका

<u>अनुसूची १</u>

<u>दफा ५५ का उपदफा २ संग सम्बन्धित)</u>

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बढैयाताल गाँउपालिका, मिति :
गाँउ कार्यपालिकाको कार्यालय, मैनापोखर बर्दिया

**विषय : संस्था दर्ता सम्बन्धमा ।**

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारका खेलकुद सम्बन्धी संस्था दता गर्न मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाका विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यस निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेका छु/छौं । नियमानुसार संस्था दता गरीदिन हुन अनुरोध गरिन्छ ।

**संस्थाको कार्यालय रहने स्थान :**
बढैयाताल गाँउपालिका वाड नं..........., टोलका नाम....................

| सचिव | अध्यक्ष |
|---|---|
| नाम | नाम |
| हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

क) संस्थाको विधान मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

बढैयाताल गाँउपालिका

अनुसूची २

(दफा ५५ को उपदफा ३ संग सम्बन्धित)

# बढैयाताल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## मैनापोखर ,बर्दिया

## संस्था दर्ता प्रमाण - पत्र

मिति :

**संस्थाको नाम :**...............................................

**ठेगाना :**.......................................................

**दर्ता हुदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्या :**

**दर्ता हुदाका बखत रहनु भएका अध्यक्षको नाम :**

माथि उल्लेखित विवरण भएका संस्थाका विधान स्वीकृत गरी सस्था दर्ताका प्रमाण पत्र प्रदान गरिएको छ बढैयाताल खेलकुद विकास निर्देशिका र विधानका अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएका छ ।

------------------------

प्रमुख प्रशासकीय अधिकृत

| नबिकरण मिति | नबिकरण दस्तुर | नबिकरण गर्नेको सहि/मिति |
|---|---|---|
| | | |
| | | |
| | | |

## अनुसूची ३
## (दफा ५५ का उपदफा ४ संग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बढैयाताल  गाँउपालिका,                                                                मिति :
गाँउ कार्यपालिकाको कार्यालय, मैनापोखर बर्दिया

**<u>विषय : संस्था सुचिकृत गरिदिनुहुन  ।</u>**

हामील तपसिलका विवरण अनुसारका संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं ।गाँउपालिकाको नियमानुसार संस्था सुचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरु**

क) दर्ता प्रमाण पत्र

ख) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) समितिका निर्णय

सचिव                                                    अध्यक्ष

बढैयाताल गाँउपालिका

अनुसूची ४

(दफा ५५ का उपदफा ५ संग सम्बन्धित)

**बढैयाताल गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**मैनापोखर ,बर्दिया**

मिति :

# <u>संस्था सुचिकृत प्रमाण -पत्र</u>

संस्थाका नाम ः..............................................

ठेगाना ः.......................................................

दर्ता हुदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाका बखत रहनु भएका अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएका संस्था सुचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । बढैयाताल गाँउपालिकाको **खेलकुद निर्देशिका २०८१** र संस्थाको विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतीविधीहरु संचालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

<u>अनुसूची ५</u>

<u>(दफा ५५ का उपदफा ६ संग सम्बन्धित)</u>

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

बढैयाताल गाँउपालिका, मिति :

गाँउ कार्यपालिकाको कार्यालय, मैनापोखर बर्दिया

**विषय : संस्था नविकरण गरी पाऊँ ।**

---------------------नामक संस्था यस गाँउपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेका हँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरीपाऊँ भनि निवेदन गर्न आएका छु /छौं ।

**आर्थिक बर्ष ............ को सस्था नविकरण भएका निवेदन साथ पेश गरिएका कागजातहरु**

क) आर्थिक वर्ष ................. का लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाका वार्षिक गतिविधि,

ग) भावी योजना र बजेट

निवेदक

बढैयाताल गाँउपालिका

**अनुसूची–६**

( दफा (३) उपदफा (६)को संग सम्वन्धित)

# बढैयाताल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## मैनापोखर ,बर्दिया

प.स.

च.नं

मिति ः .................

श्री ः ......................................

ठेगाना ः ..........................................

**बिषय : नियुक्ती पत्र ।**

बढैयातालगाउपालिका स्तरीय  खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि-२०८१ को परिच्छेद (३) दफा (३) उपदफा (१) को (ग) बमोजिम बढैयातालगाउपालिका स्तरीय  खेलकुद विकास समितिको ....................... पदमा नियुक्ती गरिएको छ । समितिको कार्यविधि अनुसार समितिले तोकेको कार्य इमान्दारिताका साथ वहन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । साथै बढैयाताल गाउपालिकाको खेलकुद क्षेत्रको विकास, संरक्षण, संवद्र्धन र प्रवद्र्धनमा यहाँको भूमिका अतुल्यनिय रहने छ । आफ्नो कर्तव्य पालना गर्दा समितिको कार्यविधि अनुसार आचारसंहिता र आफ्नो आचरणको समेत परिपालना गर्नुहुन समेत सुचित गरिन्छ ।

अन्तमा यहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दछु ।

.......................

अध्यक्ष

बढैयाताल गाउपालिका

बोदार्थ :

बढैयाताल गाउपालिका खेलकुद विकास समिति

मैनापोखर बर्दिया

बढैयाताल गाउँपालिका

**अनुसूची–७**

(दफा (७०) सँग सम्बन्धित)

**समितिका पदाधिकारी एवम सदस्यहरुले लिने सपथका नमुना**

म.................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै इश्वर/ देश र जनताको नाममा सपथ लिन्छु कि बढैयाताल गाउपालिका स्तरीय  खेलकुद विकास समितिको .............................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म आफ्नो कर्तव्य सम्झी देश, गाउपालिका, तथा समिति प्रति वफादार रही भय, पक्षपात वा द्धेष नराखी लोभ, लालच नगरी इमान्दारपुर्वक प्रचलित कानूनको अधीमा रही पालना गर्नेछु । आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानाकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्नेछैन ।

सपथ ग्रहण गराउनेको

हस्ताक्षर ः .............................

नाम   ः ...............................

पद ः .................................

कार्यालय ः बढैयातालगाउपालिका, बर्दिया

मिति ः ...............................

सपथ ग्रहण गर्नेको

हस्ताक्षर ः ..................

नाम ः ........................

पद ः ..........................

बढैयाताल गाँउपालिका

अनुसूची–७

(दफा (७०) सँग सम्बन्धित)

**खेलाडीको सपथका नमुना**

म.................................... प्रचलित खेलकुद नियम प्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै इश्वर/देश र जनताको नाममा सपथ लिन्छु कि ................................................ मा आयोजित ......................... प्रतियोगितामा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्द खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्नेछु ।

सपथ ग्रहण गराउनेको

हस्ताक्षर हस्ताक्षर ः ............................

नाम ः ...............................

पद ः ..................................

कार्यालय ः बढैयाताल गाउपालिका,

सपथ ग्रहण गर्ने खेलाडीको

नाम ः ............................

ठेगाना ः ..........................

मिति ः ...............................

बढैयाताल गाउपालिका

**अनुसूची–८**

**( दफा (७१ ) सँग सम्बन्धित)**

**रेफ्री, जर्ज र जुरीको सपथका नमुना**

म.................................... प्रचलित खेलकुद नियम प्रति पूर्ण वफादार रही सत्य निस्ठापुर्वक प्रतिज्ञा गर्दै इश्वर/देश र जनताको नाममा सपथ लिन्छु कि ................................................ मा आयोजित .......................... प्रतियोगितामा राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना गर्द खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित, मर्यादित र निस्पक्ष भई खेल खेलाउने छु ।

सपथ ग्रहण गराउनेको

हस्ताक्षर .............................

नाम ः ...............................

पद ः .................................

कार्यालय ः बढैयातालगाउपालिका, बर्दिया

मिति ः ...............................

सपथ ग्रहण गर्ने रेफ्रीको

नाम ः ............................

हस्ताक्षर ः............................

विधा ............................

पद ............................

मिति ............................

**हिमालय त्रिपाठी**

**अध्यक्ष**

**बढैयाताल गाँउपालिका बर्दिया**

बढैयाताल गाँउपालिका